# तारकेश्वर नगरपालिका नगर खेलकुद सम्बन्धी कार्यविधि, २०७६

**प्रमाणीकरण मिति : २०७६।१२।०६**

**प्रस्तावना** : खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न, बस्ती (समाज) सफा राख्न, धुम्रपान, मद्यपान र लागु पदार्थ सेवन तथा छाडा संस्कृतिबाट युवाहरूलाई बचाउन, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने उद्देश्यका साथ तारकेश्वर नगरपालिकाले नगर खेलकुद समिति मार्फत विभिन्न गतिविधिहरू गर्नको लागि आगमी दिनहरूमा अझ व्यवस्थित रूपमा कार्यक्रम संचालन गर्ने आवश्यक नीति नियमको व्यवस्था गर्न वाञ्छनीय भएको हुँदा तारकेश्वर नगरपालिका नगर खेलकुद सम्बन्धी कार्यविधि, २०७६ बनाइएको छ।

## परिच्छेद–१

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "तारकेश्वर नगरपालिका, नगर खेलकुद सम्बन्धी कार्यविधि, २०७६" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंग्ले अको अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले तारकेश्वर नगरपालिका, नगर खेलकुद सम्बन्धिको कार्यविधि २०७६" भन्ने सम्झनुपर्छ।

(ख) "खेलकुद समिति" भन्नाले तारकेश्वर नगरपालिकावाट गठित खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ।

(ग) "नगर खेलकुद समिति" भन्नाले तारकेश्वर नगरपालिकाबाट गठित नगर खेलकुद समिति भन्ने सम्झनु पर्छ।

(घ) "टिम, क्लब, संघ, संस्था" भन्नाले तारकेश्वर नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका तारकेश्वर नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरू भन्ने सम्झनु पर्छ।

(ङ) "खेलाडी" भन्नाले टिम, क्लव संघसंस्था सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

(च) "प्रशिक्षार्थी" भन्नाले तारकेश्वर नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव संघ संस्थामा सम्बद्ध सिकारू खेलाडी भन्ने सम्झनु पर्छ।

(छ) ''प्रशिक्षक'' भन्नाले तारकेश्वर नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ।

(ज) ''प्रशिक्षण समिति'' भन्नाले नगर खेलकुद समिति अन्तर्गत तारकेश्वर नगरपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागी गठित समिति भन्ने सम्झनु पर्छ।

(झ) ''खेलकुद विकास कोष'' भन्नाले तारकेश्वर नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ।

(ञ) ''खेलाडी विवरण'' भन्नाले टिम, क्लब, संघ संस्थाहरूले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनि प्रमाणित गरी नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ।

(ट) ''खेलकुद पदाधिकारी'' भन्नाले खेलकुद सम्बद्ध समिति, उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ।

## परिच्छेद–२

३. **नगर खेलकुद समितिका उद्देश्यहरु** :

३.१ नगरको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृध्दिमा खेलकुदको माध्यमले सहयेग पुर्याउने,

३.२ नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग् गर्ने,

३.३ स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

३.४ टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने।

३.५ खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

३.६. खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

३.७ खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

३.८ खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजाने,

३.९ बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुदको व्यवस्था गर्न सहयोग पुर्याउने,

३.१० तारकेश्वर नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

३.११ टिम, क्लब, संघ संस्था, विषयगत खेल शिक्षण समिति, वडास्तरीय खेलकुद उपसमितिहरूको व्यवस्थापन गर्ने गराउने,

३.१२ नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद–३

## नगर खेलकुद समितिको गठन र बैठक कार्यविधि :

४. तारकेश्वर नगर शिक्षा समितिको संरक्षकत्वमा तारकेश्वर नगरपालिकामा देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन गर्न सकिनेछ।

४.१ वडा अध्यक्षहरु मध्ये नगर प्रमुखवाट मनोनित वडा अध्यक्ष - अध्यक्ष

४.२ अध्यक्षको सल्लाहमा नगर प्रमुखवाट मनोनित गरेको खेलप्रेमी - उपाध्यक्ष

४.३ खेलकुदको क्षेत्रमा सक्रिय व्यक्ति, सामजिक काममा सक्रिय समाजसेवी नगरवासी मध्ये नगर प्रमुखवाट मनोनित १ जना महिला सहित १० जना - सदस्य
(मिति २०७७।०७।०३ को कार्यपालिकाको बैठकबाट संशोधित)

४.४ नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका शाखा अधिकृत - सदस्य सचिव

४.५ नगर खेलकुद समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ।

४.६ नगर खेलकुद समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ। आवश्यकता अनुसार छिटो छिटो पनि वस्न सक्नेछ।

४.७ बैठकको संयोजकता, निर्णय कार्यान्वयनको मुख्य उत्तरदायित्व संयोजकको हुनेछ।

४.८ सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने छ।

४.९ बैठक (माइर्न्यूटि) उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने सदस्य सचिवको मुख्य जिम्मेवारी हुनेछ।

४.१० उपाध्यक्षले कार्यकारिणि कार्यको लागि अध्यक्षलाई प्रत्यक्षरुपमा सगाउने छन्।

४.११ आवश्यकता अनुसार विभिन्न खेलकुदमा जानकार व्यक्तिहरुलाई वैठमा आमन्त्रण गर्न सकिने छ।

## परिच्छेद–४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

५. नगर खेलकुद समिति आफैले वा नगरपालिकामा दर्ता भएका टीम, क्लवहरू मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्ने छ।

६. नगर खेलकुद समिति आफै वा नगरभित्रका टीम, क्लव मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसँग मैत्रीपुर्ण खेलकुदको आयोजना गर्ने, गराउन सक्नेछ।

७. नगर खेलकुद समितिले आवश्यकता अनुसार विज्ञसँग सल्लाह गर्न सक्नेछ।

८. नगर खेलकुद समिति अन्तर्गतका प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद–५

## नगर क्षेत्रभित्रका टीम, क्लव र संघ संस्थाहको दर्ता र व्यवस्थापन

९. तारकेश्वर नगरपालिका भित्रका टीम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा तोकिएको शुल्क वुझाइ दर्ता तथा नवीकरण समेत गर्नु पर्नेछ। खेलकुद समितिको वैठकले दर्ता शुल्क सिफारिस गर्नछ। उक्त शुल्क नगर कार्यपालिकाको निर्णयानुसार लागु हुने छ। तर कुनै खेल विशेषको लागि उपसमिति तोक्न सक्ने छ।

१०. दर्ता भएका टीम, क्लव, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ।

११. दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद समितिबाट सम्बन्धित ठाउंमा निरीक्षण गर्न सक्नेछ।

१२. नगरपालिकाले नगर खेलकुद समितिमा दर्ता भएका टीम, क्लव, संघ, संस्थाहरूले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता

संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई १५ हजारसम्म आर्थिक सहयोगको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ।

१३. नगर खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद उपसमिति गठन गर्न प्राथमिकता दिइने छ।

**परिच्छेद–६**

**खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन**

१४. नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक र टिमहरूलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

१५. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ।

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

१७. तारकेश्वरनगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ।

**परिच्छेद–७**

**खेलकुद प्रतियोगितामा व्यवस्थापन**

१८. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा तारकेश्वर नगरपालिका टीम, क्लब, संघ संस्था वा विद्यालय कलेजलाई सहभागी गराउन सक्नेछ।

१९. नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सुविधा को लागि सिफारिस गर्न सक्नेछ।

२०. नगर भित्र हुने राष्ट्रपति रनिङ शिल्ड लगायतका खेलकुदको संयोजन गर्नेछ।

**परिच्छेद–८**

**तालिम तथा प्रशिक्षण व्यवस्थापन**

२१. तारकेश्वर नगरपालिकाले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नको लागि आवश्यकता अनुसार विभिन्न खेलहरूको तालिम र प्रशिक्षण दिनेछ।

२२. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित आवेदन दिनु पर्नेछ।

## परिच्छेद–९

## नगर खेलकुद विकास कोषको व्यवस्था

२३. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगयतका क्रियाकलापका लागि तारकेश्वर नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

२४. कोषका श्रोतहरू देहाय बमोजिम हुनेछन्।

२४.१ नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

२४.२ विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

२४.३. खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

२४.४ नगरभित्रका टीम, क्लव दर्ता आवेदन शुल्क, नवीकरण शुल्क, फाराम शुल्क

२४.५ नगरपालिकाले खेलकुदको लागि विनियोजन गरेको रकम।

२५. यस कोषको संचालन ता.न.पा. बोर्डको निर्णय अनुसार हुनेछ।

## परिच्छेद–१०

## निर्माण तथा मर्मत

२६. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्ने सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

२७. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा सचिवको माग अनुसार नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाले मर्मत संभार गर्नेछ।

२८. खेलकुद भवन, मैदान आदिको व्यवस्था गर्न नगर खेलकुद उपसमितिले तारकेश्वर नगरपालिकाको बोर्ड बैठकलाई अनुरोध गर्नेछ।

## परिच्छेद–११

२९. **विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था**

२९.१ यूवा तथा खेलकुद विकास समिति अन्तर्गत नगर खेलकुद उपसमितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग् गर्न

आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गर्न सकिने छ।

२९.२ यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ।

२९.३ यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ।

२९.४ प्रशिक्षणको लागि आवश्यक निमार्ण जुटाउन मद्दत गर्नेछ।

२९.५ प्रशिक्षण केन्द्रबाट संचालन हुने प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग् गर्नेछ।

## परिच्छेद–१२

## अनुशासनको कार्वाही, दण्ड, सजाय र पुरस्कार

३०. अनुशासनको कार्वाहीः खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा, देहाय बमोजिमको आचरण वा कार्य गरेमा प्रशिक्षण समितिको निर्णय अनुसार अनुशासनको कार्वाही गर्नसक्नेछ।

३०.१ नगर खेलकुद उपसमिति र त्यस अन्तर्गतका समितिको बदनाम (अहित) हुन कार्य गरेमा।

३०.२ समितिको नीति, नियम, निर्देशन र निर्णय विपरित कार्य गरेमा।

३०.३ गोप्यता भंग् गरेमा।

३०.४ अनैतिक कार्यमा संलग्न रहेको जानकारी पाएमा।

३०.५ अनुमति विना अन्य संस्था सित संलग्न रही खेलकुद कृयाकलाप गरेमा।

## परिच्छेद–१३

## विविध

३१. नगर खेलकुद उपसमितिबाट प्रशिक्षण र प्रतियोगिता संचालन गर्न कुनै विशेष सामान, भवन र जग्ग भाडामा लिन सक्नेछ। तर सो भाडाको लाग्ने रकम सुनिश्चित भएको हुनु पर्ने छ।

३२. प्रशिक्षक र प्रतियोगिता समयमा कुनै खेलाडीलाई सामान्य चोटपटक भएमा नगर खेलकुद उपसमितिको कोषबाट खर्च गरिनेछ। तर सख्त बिरामी, चोटपटक भएमा बोर्डको निर्णय अनुसार औषधी उपचार गराईने छ।

३३. कुनै पनि नीति नियम वा यस अन्तरगत आर्थिक सहयोग्, सुविधा तथा शुल्कको सवालमा समय र परिस्थिति अनुसार थपघट वा संसोधन गर्नु परेमा युवा तथा खेलकुद विकास समितिको सिफारिसमा नगरपालिका बोर्ड वैठकले आवश्यक निर्णय गर्न सकिनेछ।

३४. खेलकुद प्रतियोगिताको सिलसिलामा कुनै खेलाडी प्रशिक्षक वा व्यवस्थापक घाइते भई शरीरको कुनै अंग अपाङ्ग भएमा वा त्यस्ता व्यक्तिको परिवारलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग् गर्न ता.न.पा. बोर्डमा सिफारिस गर्नेछ। खेलकुद प्रतियोगितामा भाग लिने प्रशिक्षक, खेलाडी र व्यवस्थापकको आवधिक विमाको व्यवस्था समेत गर्ने सक्नेछ।

३५. यस कार्यविधि आवश्यकतानुसार नगर खेलकुद समितिको सिफारिसमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।